# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७८।०५।०९ गते।

# प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

राम जनता आधारभूत बिद्यालयमा पि.सि.एफ. शिक्षकको रुपमा कार्यरत रविन्द्र नाथ चौधरीले नक्कली अध्यापन अनुमति पत्र पेश गरी अध्यापन गराएको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन सोही बिद्यालयका प्रधानाध्यापक राम लखन चौधरीको मिलेमतोमा निजले नक्कली स्थायी अध्यापन अनुमतिपत्र बनाई झुठ्ठा प्रमाणपत्र पेश गरी राम जनता आधारभूत बिद्यालय, चन्द्रनगर ३, बड्कुर्वा सर्लाही (साविक राम जनता निम्न माध्यमिक बिद्यालय बबरगञ्ज २, सर्लाही) मा अध्यापन गराएको स-प्रमाण पुष्टि भएकोले निज रविन्द्र नाथ चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद सजाय हुन मागदाबी लिइएको छ।

साथै, राम लखन चौधरीले आफू प्रधानाध्यापक रहेकै समयमा रविन्द्र नाथ चौधरीलाई नक्कली स्थायी अध्यापन अनुमतिपत्र बनाउन मतियारको भूमिका निर्वाह गरी पि.सि.एफ. शिक्षकको हैसियतमा नियुक्ति दिएको स-प्रमाण पुष्टि भएकोले निज राम लखन चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा(१) को कसूरको मतियार भई ऐ. ऐनको दफा २२ बमोजिमको कसूरमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल